कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय
विराटनगर, नेपाल

कोशी प्रदेश

प.सं.:- २०८२/८३
च.नं.:-

मिति: २०८२।१२।०६

**सामुदायिक होमस्टे सञ्चालकहरूलाई प्रवर्द्धनात्मक सामग्री वितरण सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना।**

कोशी प्रदेश सरकारको कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को अवसरमा कोशी प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरूमा आउने पाहुनाहरूको तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित, प्रभावकारी र दिगो बनाउन सामुदायिक होमस्टे सञ्चालकहरूलाई प्रवर्द्धनात्मक तथा व्यवस्थापन सहयोग सामग्री उपलब्ध गराउने कार्यक्रम स्वीकृत भएकोले देहाय बमोजिम सम्बन्धित होमस्टे सञ्चालकहरूबाट आवेदन आह्वान गरिन्छ।

1. **आवेदन दिन सक्ने योग्यता:**
   क. सम्बन्धित कार्यालयको कार्यक्षेत्र भित्र नियमानुसार दर्ता तथा नवीकरण भई हाल सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरू।
   ख. स्थानीय तहको सिफारिस प्राप्त गरेको हुनुपर्नेछ।
2. **पेश गर्नुपर्ने कागजातहरू:**
   क. आवश्यक सामग्री खुलाइएको निवेदन पत्र।
   ख. होमस्टे दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
   ग. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
   घ. हालसम्मको पाहुना आगमनको संक्षिप्त विवरण (उपलब्ध भएमा)।
   ङ.अन्य आवश्यक कागजातहरू (आवश्यकता अनुसार)।
3. **आवेदन पेश गर्ने तरिका:**
   - यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र **पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश विराटनगरमा** वा मन्त्रालयको इमेल ठेगानामा इमेल मार्फत पेश गर्न सकिनेछ ।
   - म्याद नाघी वा अपूर्ण कागजात सहित प्राप्त निवेदनहरू उपर कारबाही गरिने छैन।
4. **छनोट तथा सहायता वितरण प्रक्रिया**
   प्राप्त निवेदनहरूको कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय मार्फत मूल्यांकन गरी छनोट गरिनेछ।छनोट भएका सामुदायिक होमस्टेहरूलाई प्रचलित ऐन, नियम तथा सार्वजनिक खरिद प्रक्रियाअनुसार कार्यालयले सामग्री खरिद गरी नियमानुसार हस्तान्तरण गरिनेछ।यस सम्बन्धी थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ साथै कार्यालयको निर्णय अन्तिम हुनेछ।
5. **सम्पर्क ठेगाना:**
   कोशी प्रदेश सरकार, पर्यटन वन तथा वातावरण मन्त्रालय, विराटनगर, नेपाल
   इमेल: moitfepradesh1@gmail.com वा kpty2082@gmail.com
   फोन नं:९८४४०२०२२८ (पेशल कुमार पौडेल,पर्यटन प्रवर्द्धन शाखा)